# एक जिल्ला एक उत्पादन (One District One Product) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०

माननीय कृषि विकास मन्त्रीज्यूबाट स्वीकृत मिति २०७०।१।७

**प्रस्तावना** : जिल्लाको मौलिक पहिचान भएका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्न सार्वजनिक-निजी साझेदारीमा एक गाउं एक उत्पादन कार्यक्रम नेपाल सरकारले आर्थिक बर्ष २०६३/६४ को बजेट बक्तव्य मार्फत घोषणा गरी कार्यान्वयन गरिएको कार्यक्रम हालसम्म सफलरुपमा सञ्चालन भैरहेको अनुभवको आधारमा नेपाल सरकारले पूनः आ.व. २०६९/७० को वजेट बक्तव्य मार्फत सार्वजनिक-निजी साझेदारीको अवधारण अनुरुप ओखलढुंगा, सिन्धुली, धादिङ्ग, रौतहट, बारा, रसुवा, मुस्ताङ्ग, अर्घाखांची, प्यूठान र जाजरकोट जिल्लाहरुमा उद्योग स्थापानका प्रारम्भिक कार्य गर्ने गरी बजेट विनियोजन भएको र चालु आर्थिक बर्ष २०७०/७१ वजेट बक्तव्यमा समेत उल्लेखित कार्यक्रमलाई निरन्तरता दिइएकोले कृषि विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको सहकार्यमा उद्योग स्थापना, सञ्चालन र वजारीकरणका कार्यक्रम सञ्चालन गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिबी निवारण गर्न नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम एक जिल्ला एक उत्पादन (One District One Product) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० रहेकोछ,

(ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले "एक जिल्ला एक उत्पादन" (One District One Product) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले सार्वजनिक-निजी साझेदारीमा कृषिमा आधारित उद्योग स्थापना, सञ्चालन र वजारीकरणका लागि सञ्चालन गरिने एक जिल्ला एक उत्पादन (One District One Product) कार्यक्रम सम्झनु पर्छ । यसलाई संक्षिप्तमा ODOP पनि भनिनेछ ।

(ग) "निर्देशन समिति" भन्नाले निर्देशिकाको दफा ७ बमोजिम गठित निर्देशन समिति सम्झनु पर्छ ।

(घ) "प्राविधिक समिति" भन्नाले निर्देशिकाको दफा ८ बमोजिम गठित प्राविधिक समिति सम्झनु पर्छ ।

(ङ) "जिल्ला समिति" भन्नाले निर्देशिकाको दफा १३ बमोजिम गठित उद्योग स्थापना तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले कार्यक्रम सञ्चालनको लागि निर्देशिकाको दफा ९ बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्छ ।

(छ) "केन्द्र" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र सम्झनु पर्छ ।

(ज) "कार्यक्रमको सचिवालय" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्दलाई जनाउँछ ।

(झ) "जिल्ला समितिको सचिवालय" भन्नाले जिल्ला उद्योग वाणिज्य संघको कार्यालयलाई जनाउँछ ।

(ञ) "निजी क्षेत्र" भन्नाले जिल्ला वा नगरमा उद्योग वाणिज्य संघमा दर्ता भएका व्यवसायी र नेपाल उद्योग वाणिज्य महासंघका सदस्य व्यवसायी र तिनको कम्पनी वा फर्म संचालकलाई सम्झनु पर्छ ।

(ट) "सार्वजनिक क्षेत्र" भन्नाले सार्वजनिक सेवा प्रवाहको लागि स्थापित नेपाल सरकार मातहतका निकायहरु जनाउँछ ।

(ठ) "नमूना उद्योग" भन्नाले यस कार्यक्रमको उद्देश्य अनुरुप सार्वजनिक-निजी साझेदारीमा स्थापना हुने उद्योगलाई सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्राललाई जनाउँछ ।

३. **कार्यक्रमको उद्देश्यहरु :** यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम रहेका छन् :

(क) जिल्लाको मौलिक पहिचान भएका बस्तु तथा सेवाको उत्पादन, प्रवर्द्धन तथा मूल्य अभिवृद्धि गर्ने,

(ख) उद्योग स्थापना, सञ्चालन र वजारीकरण गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिबी निवारण गर्ने ।

## परिच्छेद २

### कार्यक्रम सञ्चालन हुने जिल्ला तथा साझेदार संस्थाहरु र तिनको भूमिका

४. **कार्यक्रम सञ्चालन हुने जिल्ला र कार्यक्रम :** आर्थिक वर्ष २०६९/७० को वजेट बक्तव्य मार्फत घोषणा भएको यो कार्यक्रम पहिलो चरणमा ओखलढुंगा, सिन्धुली, धादिङ्ग, रौतहट, बारा, रसुवा, मुस्ताङ्ग, अर्घाखांची, प्यूठान र जाजरकोट जिल्लाहरुमा सार्वजनिक-निजी साझेदारीको अवधारण अनुरुप नमूना उद्योग स्थापनाका प्रारम्भिक कार्य सञ्चालन भईरहेको र क्रमशः अन्य जिल्लामा समेत यो कार्यक्रम विस्तार गरिदै लगिनेछ ।

५. **निजी क्षेत्रको जिम्मेवारी र भूमिका :** यस निर्देशिका बमोजिम निजी क्षेत्रका साझेदार संस्थाहरुको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछ :

(क) एक जिल्ला एक उत्पादन कार्यक्रम संचालन गर्न मौलिक पहिचान भएका वस्तु तथा सेवा उत्पादन हुने जिल्लाको पहिचान एवं छनौट गर्ने,

(ख) स्थानीय उत्पादन तथा श्रोत साधनको प्रयोग गरी गुणस्तरीय प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न व्यवसायिक योजना तयार गर्ने/गराउने,

(ग) कृषिमा आधारित नमूना प्रशोधन उद्योग स्थापना तथा सञ्चालनको लागि लगानीकर्ता साझेदाररुको पहिचान गरी श्रोत जुटाउने,

(घ) उद्योग स्थापना तथा सञ्चालन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था गरी पूर्वाधार विकास गर्ने,

(ङ) उद्योग स्थापनाको लागि सरकारी तथा गैर सरकारी र स्थानीय निकायको सहयोग तथा समन्वयको लागि पहल गर्ने,

(च) उद्योग स्थापना तथा सञ्चालनको लागि मजदूर, कर्मचारीको व्यवस्था गर्ने, कच्चा पदार्थको व्यवस्था, प्रशोधित खाद्य पदार्थ उत्पादन, प्याकेजिङ्ग तथा विक्री वितरण गर्ने,

(छ) निजी क्षेत्रबाट कार्यक्रमको उद्देश्य अनुसार गर्नु पर्ने अन्य कार्यहरु ।

६. **सार्वजनिक क्षेत्रको जिम्मेवारी र भूमिका :** यस निर्देशिका बमोजिम सार्वजनिक क्षेत्रका साझेदार निकायहरुको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछ :

(क) निजी क्षेत्रबाट प्रस्तुत भएको उद्योग स्थापना तथा सञ्चालनका व्यवसायिक योजना स्वीकृत गर्ने,

(ख) उद्योग स्थापना तथा सञ्चालनका साझेदार निकाय बीच समन्वय गर्ने/गराउने,

(ग) नमूना उद्योग स्थापनार्थ सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप बजेट रकमको व्यवस्था, निकाशा तथा अख्तियारी प्रदान गर्ने,

(घ) उद्योग स्थापना तथा सञ्चालनको लागि दातृ संस्थासंग प्राविधिक तथा आर्थिक सहयोगको लागि समन्वय गर्ने ।

(ङ) कार्यक्रमको उद्देश्य अनुसार सावर्जनिक क्षेत्रबाट उद्योग स्थापना, सञ्चालन तथा नियमनको लागि गर्नु पर्ने अन्य कार्यहरु ।

## परिच्छेद ३

## समितिहरु र तिनको काम, कर्तव्य र अधिकार

७. **निर्देशन समिति सम्बन्धी व्यवस्था :**

(क) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालनमा सहयोग, समन्वय र नियमन गर्न एक निर्देशन समिति रहने छ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन् :

| | |
|---|---|
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | अध्यक्ष |
| सह-सचिव, कृषि व्यवसाय प्रबर्द्धन तथा तथ्यांक महाशाखा,कृषि विकास मन्त्रालय | सदस्य |
| सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सह-सचिव उद्योग मन्त्रालय, | सदस्य |
| सह-सचिव वाणिज्य तथा आपूर्ति मन्त्रालय, | सदस्य |
| सह-सचिव, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, | सदस्य |
| सह-सचिव, उर्जा मन्त्रालय | सदस्य |
| सह-सचिव, गरिबी निवारण तथा सहकारी मन्त्रालय | सदस्य |
| प्रमुख कार्यकारी निर्देशन, कृषि उद्यम केन्द्र | सदस्य |
| नेपाल उद्योग वाणिज्य महासंघले मनोनयन गरेको एक जिल्ला एक उत्पादन कार्यक्रमको सभापति | सदस्य सचिव |

(ग) उपदफा (ख) बमोजिमको समितिमा आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ङ) समितिको सचिवालय नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रमा रहनेछ ।

(च) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन हुने कार्यक्रम तथा बजेट सिफारिस सहित स्वीकृतीका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(२) प्राविधिक समितिबाट सिफारिस भएका व्यवसायिक योजना (Business plan) स्वीकृत गरी मन्त्रालय समक्ष पेश गर्ने,

(३) कार्यक्रम कार्यान्वयनको सम्वन्धमा विभिन्न निकायहरु बीच समन्वय गर्ने,

(४) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकतानुसार उप-समिति गठन गर्ने,

(५) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(६) समितिको निर्णयको कार्यान्वयन सदस्य सचिवबाट हुनेछ ।

८. **प्राविधिक समिति सम्बन्धी व्यवस्था :**

(क) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन लागि निर्देशन समितिलाई प्राविधिक सहयोग पुऱ्याउन तथा समन्वय गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन् :

| | |
|---|---|
| सह-सचिव, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा,कृषि विकास मन्त्रालय | अध्यक्ष |
| महा-निर्देशक, कृषि विभाग, | सदस्य |
| महा-निर्देशक, पशु सेवा विभाग, | सदस्य |
| महानिर्देशन, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| महा-निर्देशक, घरेलु तथा साना उद्योग विभाग | सदस्य |
| कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति | सदस्य |
| उप-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| उप-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| शाखा प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, बजेट तथा कार्यक्रम शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |

नेपाल उद्योग वाणिज्य महासंघले मनोनयन गरेको ODOP को सभापति सदस्य

प्रमुख कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र सदस्य सचिव

(ग) उपदफा (ख) बमोजिमको समितिमा आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निधारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको सचिवालय नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रमा रहनेछ ।

(च) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन हुने कार्यक्रम तथा बजेट अनुमान गरी सिफारिस सहित निर्देशन समितिमा पेश गर्ने,

(२) व्यवसायिक योजना (Business plan) पुनरावलोकल गरी निर्देशन समितिमा पेश गर्ने,

(३) कार्यक्रम सुपरीवेक्षण र अनुगमन गर्ने र आवश्यकतानुसार जिल्ला समितिलाई सुझाव दिने,

(५) समितिको निर्णयको कार्यान्वयन सदस्य सचिवबाट हुनेछ ।

## परिच्छेद ४

## एक जिल्ला एक उत्पादन कार्यक्रम कोष स्थापना तथा सञ्चालन

९. **एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन कोषको स्थापनाः**

(क) एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा एक छुट्टै कोषको स्थापना गरिने छ ।

(ख) उप-दफा (क) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(१) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(२) नेपाल उद्योग वाणिज्य महासंघबाट प्राप्त सहयोग रकम,

(३) जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुबाट प्राप्त हुने सहयोग रकम,

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाबाट एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालनको लागि प्राप्त हुने सहयोग रकम,

(५) संस्थापक शेयर तथा साधारण शेयर वापत प्राप्त हुने रकम ।

(६) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(ग) उप-दफा (ख) को (४) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्नेछ ।

१०. **कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** कोषको सञ्चालन देहाय बमोजिम गरिने छ :

(क) कोषमा प्राप्त हुने रकम निर्देशन समितिले तोकेको क वर्गको वाणिज्य बैकमा एक जिल्ला एक उत्पादन कार्यक्रमको नाममा खाता खोली जम्मा गरिनेछ,

(ख) कोषको खाता सञ्चालन निर्देशन समितिको अध्यक्ष वा निजले तोकेको नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचित प्रतिनिधि र प्राविधिक समितिको अध्यक्षको संयुक्त दस्तखतबाट गरिनेछ,

(ग) कोषको रकम एक जिल्ला एक उत्पादन कार्यक्रम प्रवर्द्धन तथा नमूना उद्योग सञ्चालन गर्न खर्च गरिने छ,

(घ) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम नमूना उद्योग स्थापना गर्ने प्रयोजनको लागि मात्र खर्च गरिने छ । उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गा खरिद वा भाडाको लागि खर्च गर्न पाइने छैन ।

११. **कोषको लेखा र लेखा परीक्षण** :

(क) कोषको लेखा नेपाल उद्योग वाणिज्य महासंघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(ख) कोषको लेखा परीक्षण रजिस्टर्ड लेखा परिक्षकबाट गरिनेछ ।

(ग) लेखा परिक्षकको नियुक्ती र पारिश्रमिकको निर्धारण निर्देशन समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ ।

(घ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

## परिच्छेद ५

## उद्योग स्थापना तथा सञ्चालन व्यवस्था

१२. **उद्योग स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था** :

(क) **व्यवसायिक योजनाको प्रस्ताव तयार गर्ने** : सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना तथा सञ्चालनको लागि निजी क्षेत्रले व्यवसायिक योजनाको प्रस्ताव तयार गर्ने छ ।

(ख) **लगानीको श्रोत एकिन गर्ने** : (१) निजी क्षेत्रले सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना तथा सञ्चालन गर्न आवश्यक पर्ने लगानी रकमको श्रोत एकिन गर्ने छ,

(२) उपदफा (१) अनुसार एकिन गरिएको लगानीको श्रोतबाट देहाय बमोजिमको रकम संकलन गर्ने जिम्मेवारी निजी क्षेत्रको हुनेछ।

(क) एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन कोषबाट अधिकतम ५० प्रतिशत अनुदान रकम प्राप्त गर्ने

(ख) संस्थापक तथा साधारण शेयर लगानीकर्ताबाट न्यूनतम ५० प्रतिशत रकम प्राप्त गर्ने ।

(ग) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(३) उप दफा (२) को (ख) बमोजिम प्राप्त हुने संस्थापक तथा साधारण शेयर लगानी रकमको प्रतिशत देहाय बमोजिम हुनेछ

(क) जिल्ला वा नगर उद्योग वाणिज्य संघको संस्थापक शेयर कुल लगानी रकमको न्यूनतम ५ प्रतिशत हुनेछ,

(ख) लगानीकर्ता फर्म वा व्यवसायीको संस्थापक शेयर कुल लगानीको न्यूनतम ३० प्रतिशत हुनेछ,

(ग) स्थानीय समुदाय, कृषक समूह तथा सहकारीहरुको साधारण शेयर कुल लगानीको न्यूनतम १५ प्रतिशत हुनेछ

(४) उप-दफा (३) को (ग) बमोजिम प्राप्त हुने शेयर आंशिक वा पूर्णरुपमा प्राप्त नहुने स्थिती सिर्जना भएमा उक्त लगानी रकम निजी क्षेत्रले नै व्यवस्था गर्नु पर्नेछ ।

१३. **उद्योग स्थापना तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :**

(क) सार्वजनिक-निजी साझेदारी अवधारणा तथा एक जिल्ला एक उत्पादन कार्यक्रमको उद्देश्य अनुरुप उद्योग स्थापना तथा व्यवस्थापनको लागि जिल्लास्तरमा एक **उद्योग स्थापना तथा व्यवस्थापन समिति** रहने छ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् :

| | |
|---|---|
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य संघ | अध्यक्ष |
| प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला पशु सेवा कार्यालय | सदस्य |
| प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय वा विकास समिति | सदस्य |
| प्रतिनिधि, उद्योग स्थापना हुने गाँउ विकास समिति वा नगरपालिका | सदस्य |

जिल्ला उद्योग वाणिज्य संघले मनोनयन गरेको संस्थापक शेयर लगनीकर्ताहरुको प्रतिनिधित्व गर्ने एक जना प्रतिनिधि — सदस्य

जिल्ला उद्योग वाणिज्य संघले मनोनयन गरेको साधारण शेयर लगनीकर्ताहरुको प्रतिनिधित्व गर्ने स्थानीय समुदाय, कृषक समुह तथा सहकारीहरुको प्रतिनिधित्व गर्ने एक जना प्रतिनिधि — सदस्य

कार्यकारी सचिव, जिल्ला उद्योग वाणिज्य संघ — सदस्य सचिव

(ग) उपदफा (ख) बमोजिमको समितिमा आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको सचिवालय जिल्ला उद्योग वाणिज्य संघको कार्यालयमा रहनेछ ।

(च) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) जिल्लाको मौलिक पहिचान भएका बस्तु तथा सेवाको पहिचान गर्ने,

(२) जिल्लाको मौलिक पहिचान भएका बस्तु तथा सेवामा आधारित व्यवसायिक योजना (Business plan) तयार गर्ने,

(३) व्यवसायिक योजना (Business plan) आवश्यक पर्ने लगानी रकमको श्रोत एकिन गर्ने,

(४) नमूना उद्योगको नाप, नक्सा, डिजाईन तथा मेशनरी उपकरणहरुको स्पेशिफिकेशन तयार गर्ने/गराउने,

(५) कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(६) समितिको निर्णयको कार्यान्वयन सदस्य सचिवबाट हुनेछ ।

१४. **कार्यक्रम कार्यान्वयन बैंक खाता सञ्चालन र लेखा परिक्षणः**

(क) जिल्ला स्तरमा कार्यक्रम कार्यान्वयन गर्न वाणिज्य बैंकमा स्थापना गरिने उद्योगको नाममा एक बैंक खाता खोलिनेछ,

(ख) उपदफा (क) बमोजिमको बैंक खातामा प्राविधिक समितिको सिफारिसमा तथा निर्देशन समितिले उद्योग स्थापना तथा व्यवस्थापन वापत दिइने अनुदान रकम बार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही कोषबाट रकम निकासा गर्नेछ,

(ग) कार्यक्रम कार्यान्वयन बैंक खाता जिल्ला समितिको अध्यक्ष र अधिकतम संस्थापक शेयर लगनीकर्ता वा नीजले तोकेको प्रतिनिधिको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ,

(घ) कार्यक्रम कार्यान्वयन खाताको लेखा नेपाल उद्योग वाणिज्य महासंघको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ,

(ङ) कार्यक्रम सञ्चालन खाताको आन्तरिक लेखा परीक्षण कार्यक्रमको सचिवालयबाट गरिने छ र सो प्रतिवेदन जिल्ला समितिको सचिवालय र कार्यक्रमको सचिवालयमा पेश गर्नु पर्नेछ ।

१५. **उद्योग स्थापना, भवन निर्माण र मेशिनरी खरिद व्यवस्था :** यस कार्यक्रम अन्तर्गत स्थापना गरिने उद्योगको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण, उद्योग भवन निर्माण जस्ता कार्यहरु नेपाल उद्योग वाणिज्य महासंघको आर्थिक नियमावली, २०५५ र सो मा संशोधन भएमा सोहि अनुसार खरिद गरिनेछ ।

१६. **उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :** जिल्ला समितिले उद्योग संचालनका लागि छुट्टै निर्देशिका बनाउनेछ र सोही निर्देशिका अनुसार उद्योग संचालन तथा व्यवस्थापन गरिनेछ ।

१७. **उद्योग बन्द हुने र छुट्टै व्यवस्था हुन सक्ने :** कथंकदाचित सार्वजनिक–नीजि साझेदारीमा स्थापित नमूना उद्योग सञ्चालन हुन नसक्ने परिस्थिती आई बन्द गर्नुपर्ने अवस्था आई परेमा संस्थापक तथा साधारण शेयर धनी तथा सरोकारवालाहरुको सहमतिमा निर्देशन समितिबाट निर्णय गराई उद्योग बन्द गर्न सकिनेछ । यसरी उद्योग बन्द भएको अवस्थामा निर्देशन समितिको निर्णय अनुसार उद्योगको सरकारी लगानी बाहेकको सम्पति शेयर धनीहरु बीच बाँडफाँड गर्न सकिने छ । तर असामान्य अवस्थामा बाहेक उद्योग स्थापना भएको १० बर्ष सम्म उद्योग बन्द गर्न पाइने छैन ।

## परिच्छेद ६

## अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

१८. **अनुगमन तथा मुल्याङ्कन :**

(क) सार्वजनिक निजी साझेदारीमा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रमको प्रभावकारिता र अनुदान रकमको सदुपयोगको बारेमा केन्द्रीयस्तरबाट अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, राष्ट्रिय योजना आयोग, निर्देशन समिति, प्राविधिक समितिबाट हुनेछ ।

(क) जिल्ला स्तरमा यस कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य जिल्ला समिति, जिल्ला उद्योग वाणिज्य संघ र सम्बन्धीत नेपाल सरकारका मातहतका निकायबाट हुनेछ ।

१९. **कार्यक्रमको समीक्षा तथा प्रगति प्रतिवेदन पेश गर्ने :**

(क) जिल्ला समितिको सचिवालयले कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन तोकिएको फर्मेटमा मासिक, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको सचिवालयमा पेश गर्नु पर्नेछ,

(ख) उपदफा (क) बमोजिम जिल्ला समितिको सचिवालयबाट प्राप्त कार्यक्रम सम्पन्न प्रगति प्रतिवेदनको आधारमा कार्यक्रमको सचिवालयले समष्टिगत प्रगति विवरण तयार गरी मासिक, चौमासिक र वार्षिक रुपमा कृषि विकास मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ,

(ग) यस कार्यक्रमको प्रगति तथा उपलव्धी बारे जिल्ला समितिको सचिवालय र कार्यक्रमको सचिवालयले चौमासिक तथा वार्षिक रुपमा समिक्षा गर्नु पर्नेछ ।

## परिच्छेद ७

## विविध

२०. **भ्रमण आदेश स्वीकृति तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्था :**

(क) यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा देश भित्र कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण गर्नु पर्दा भ्रमण आदेश सम्बन्धित कार्यालयको प्रमुखबाट र अन्य व्यक्ति वा पदाधिकारीहरुको हकमा भ्रमण आदेश केन्द्रको कार्यकारी निर्देशकबाट स्वीकृत गरिने छ तर कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले कुनै व्यक्ति वा पदाधिकारी देश बाहिर भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्दा दैनिक भत्ता तथा भ्रमण खर्च नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको नियमानुसार पाउने छ ।

२१. **समिति बैठक तथा भत्ता :** यस निर्देशिका वमोजिम गठित विभिन्न समिति तथा उप-समितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने विज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको नियमानुसार पाउने छ ।

२२. **निर्देशिकाको व्याख्या** : यस निर्देशिकामा उल्लेख भएका प्रावधानका सम्बन्धमा कुनै विवाद भएमा सो को व्याख्या निर्देशन समितिको निर्णय बमोजिम हुनेछ, सो बाहेक अन्य विषयमा नेपाल उद्योग वाणिज्य महासंघको आर्थिक नियमावली, २०५५ र प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

२३. **निर्देशकामा संशोधन** : नेपाल सरकारले आवश्यकता अनुसार यो निर्देशिकामा संशाोधन तथा थपघट गर्न सक्नेछ ।

२४. **कार्यक्रमको बचाउ** : हाल एक जिल्ला एक उत्पादन कार्यक्रमको सञ्चालन एक गाँउ एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ बमोजिम भई रहेकोमा स्वीकृति पछि यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।